भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (शिक्षा प्रशासन)/२०८१/२०८२
सू.नं.: ५२

मितिः २०८१/१०/३०

श्री कक्षा ८ सञ्चालित विद्यालयहरू सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

**विषयः आधारभूत तह कक्षा ८ को आवेदन फारम भर्ने/भराउने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा भूमे गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ अध्ययन गरी शैक्षिक सत्र २०८१ सालमा सञ्चालन हुने आधारभूत तह उतीर्ण परीक्षा (कक्षा-८) मा सहभागी हुने नियमित परीक्षार्थीहरुको आवेदन फारम भरी/भराई पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।परीक्षा आवेदन फारम भरी/भराई पेश गर्दा तपसिल अनुसार गर्नु गराउनु हुन समेत अनुरोध छ।

तपसिलः

१. विद्यार्थीहरुको वैयत्तिक विवरण जन्मदर्ता अनुसार ठिक साँसो छ/छैन? सोको एकीन गरी साँचो नभएको भए पछिसम्म फरक नपर्ने गरी विद्यालयको IEMIS मा सबै विवरण अनिवार्य रुपमा अध्यावधिक गर्ने ।
२. आवेदन फारम विद्यालयको IEMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Application Form मा Click गरेर विद्यार्थीको विवरण रुजु र पुनः रुजु गरी एक प्रति पिन्ट गर्ने र विद्यार्थीको हालसालै खिचिएको विद्यालयको पोसाकमा रहेको फोटो विद्यालयको IEMIS अपलोड नभएमा हालसालै खिचिएको विद्यालयको पोसाकमा रहेको फोटो टाँसी विद्यार्थी स्वयम तथा अभिभावकको हस्ताक्षर गराइसकेपछि प्रधानाध्यापले प्रमाणित गर्ने र मिति २०८१ फाल्गुन १५ गते भित्र विद्यार्थीको अंग्रेजी नामको Alphabetircal Order मा फारमहरु मिलाई अनिवार्य रुपमा विद्यार्थीको जन्मदर्ताको फोटोकपी र IEMIS बाट कक्षा ७ उतीर्ण गरेको ग्रेडसिटको प्रतिलिपी सहितको फाइल तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।
३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको Symbol Number कायम गरिसकेपछि विद्यार्थीको फोटो सहितको प्रवेशपत्र Print का लागि विद्यालयको IEMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Admit card मा Click गरेर प्रत्येक विद्यार्थीको दुई प्रति प्रेवशपत्र Print गर्ने र विद्यार्थीलाई स्वयम हस्ताक्षर गराई प्रधानाध्यापकले रुजु गरी प्रमाणितका लागि विद्यार्थीको अंग्रेजी नामको Alphabetircal Order मा फाइल मिलाई मिति २०८१ फाल्गुन १५ गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।
४. आवेदन फारम र प्रवेश पत्रसंग विद्यालयको पत्रसाथ विद्यार्थीहरुको Alphabetircal Order मा राखी सोही बमोजिम समष्टिगत फारम तयार गरी पेश गर्नुपर्नेछ।
५. संस्थागत विद्यालयहरुले आवेदन फारम पेश गर्दा प्रति विद्यार्थी रु ३०० (तीन सय) का दरले हुन आउने रकम यस कार्यालयको राजश्व शाखामा बुझाई सोको सक्कल भौचर समेत पेश गर्नुपर्नेछ।

..................
देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना अभिलेख केन्द्र, वेबसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | फोन नं. +९७७-९७६२५२७१३०,+९७७-९७६२५२७१११
इमेलः bhumemun@gmail.com/edu.bhumemun@gmail.com वेबसाइटः www.bhumemun.gov.np